नेपाल सरकार
वन तथा भू–संरक्षण मन्त्रालय
# वन विभाग

पत्र संख्या: २०७३।०७४
चलानी नं: 9086

मिति : २०७४/०२/१२

विषय :- तोकिएको समयमा जवाफ / कागजात / प्रतिवेदन पठाउने सम्वन्धमा।

श्री जिल्ला वन कार्यालय ७४ ।

प्रस्तुत विषयमा श्री वन तथा भू-संरक्षण मन्त्रालय (शासकिय सुधार साखा) को च.न. २५६ मिति २०७४/०२/०४ को पत्रानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय (सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा) को प.स. ०७३/०७४ च.न. ७९२३ मिति २०७४/०२/०२ को पत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग (माहाशाखा नं. ३ ) को प.स. ०७३/०७४ च.न. १३१६ मिति २०७४/०१/२८ को तोकिएकै समयमा जवाफ / कागजात / प्रतिवेदन पठाउने सम्बन्धको पत्रको प्रतिलिपी पाना २ जानकारी तथा कार्यान्वयनको लागी यसै पत्र साथ सम्लग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

(शिब कुमार वाग्ले)
उप-महानिर्देशक

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाण्डौ ।
श्री वन तथा भू-संरक्षण मन्त्रालय,
(शासकिय सुधार साखा) ।

☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

०७३/७४

मिति: २०७४/०१/२८

पत्र संख्या :-
चलानी नं : १३१६०

विषयः तोकिएको समयमै जवाफ/ कागजात/प्रतिवेदन पठाउने सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरवार, काठमाडौं ।

यस आयोगमा परेका विभिन्न उजुरी उपरको छानविन/अनुसन्धान कार्य समयमै सम्पन्न गर्ने क्रममा माग गरिएको जवाफ/कागजात/छानविन प्रतिवेदन कतिपय अवस्थामा सम्वन्धित निकायहरुबाट तोकिएको समयमा प्राप्त नहुँदा पटक पटक लिखित तथा टेलिफोनबाट ताकेता गरिरहनु परेको छ। यसबाट कार्यसम्पादनमा ढिलाई हुनाका साथै अनुसन्धानको काम कारवाहीमा नकारात्मक असर समेत परिरहेकोले आयोगबाट माग गरिएको जवाफ/कागजात/प्रतिवेदन कावु वाहिरको परिस्थिति/मनासिव कारण परेमा वाहेक तोकिएको समयभित्र नपठाउने कार्यालयको जिम्मेवार पदाधिकारी/कर्मचारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(५) वमोजिम कारवाही हुने व्यहोरा स्मरण गराउँदै त्यसरी कारवाही गर्दा देहाय वमोजिम गर्ने र यस विषयसँग सम्वन्धित पत्राचारलाई तहाँ कार्यालयबाट नेपाल सरकार मातहतका सवै सार्वजनिक निकायहरुमा परिपत्र गराई लागू गराउने निर्णय भएकोले सो बमोजिम हुन आयोगको मिति २०७३/११/१७ को निर्णयानुसार अनुरोध छ ।

क) आयोगबाट पठाईएको पहिलो पत्रमा सामान्यतया: सम्वन्धित निकायले जवाफ/कागजात पठाई सक्नु पर्ने समय सिमा निर्धारण गरिने र सम्वन्धित कार्यालयका हकमा पत्र प्राप्त भएको मितिबाट उक्त समय गणना हुने ।

ख) आयोगको पहिलो पत्रको आधारमा सम्वन्धित निकायले जवाफ/कागजात पठाउनु पर्ने र नपठाएमा अवस्था अनुसार सम्वन्धित अधिकारीलाई आयोगमा बोलाई सोधपुछ गरिने वा बढिमा दुई पटकसम्म लिखित ताकेता गरिने ।

ग) त्यस पछि पनि जवाफ/कागजात प्राप्त नभएमा यसरी जवाफ/कागजात प्राप्त हुन नसक्नुको कारणसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(५) वमोजिम कारवाही हुन नपर्ने कुनै मनासिव कारण भए खुलाई पठाइदिन भनी सम्वन्धित पदाधिकारी/कर्मचारीसंग स्पष्टिकरण माग गरिने ।

घ) तोकिएको समयभित्र स्पष्टिकरण पेश हुन नआएमा वा प्राप्त स्पष्टिकरण सन्तोषजनक नभएमा माथि उल्लेखित कानून बमोजिम आयोगबाट विभागीय कारवाही चलाउन निर्देशन दिने/जरिवाना गर्ने ।

(रामचन्द्र अधिकारी)
उप-सचिव

अवगतार्थः-
माननीय प्रमुख आयुक्तज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
माननीय आयुक्तज्यूको सचिवालय (सबै), अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्रीमान् सचिवज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।

वोधार्थः
श्री अनुसन्धान महाशाखा नं. १/२/३/४/५/६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्री प्रहरी महाशाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्री विशेष अनुसन्धान महाशाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।

: ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसन्धान शाखा
टंगाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं :-

अत्यन्त जरुरी/शीघ्र

श्री अनुगमन तथा तामेली महाशाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्री मुद्दा बहस तथा पुनरावेदन महाशाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्री प्रशासन महाशाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयहरु,
इटहरी/धनकुटा/हेटौंडा/बर्दिवास/पोखरा/बुटवल/सुर्खेत/कोहलपुर/दिपायल/कंचनपुर ।

नोटः अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (५) मा भएको कानूनी व्यवस्थाः- आयोगले कुनै लिखत वा अन्य कुनै वस्तु पेश गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पठाएको वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित हुन आदेश दिएकोमा-

क) सो वमोजिम मनासिव समयभित्र सो कार्यालयले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा आयोगले सम्वन्धित कार्यालयका प्रमुख पदाधिकारी उपर विभागीय कारवाही चलाउन सम्वन्धित मन्त्री वा संस्थालाई निर्देशन दिन सक्नेछ ।

ख) सो वमोजिम मानसिव समयभित्र त्यस्तो व्यक्तिले लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा वा त्यस्तो व्यक्ति आयोगमा उपस्थित नभएमा निजलाई आयोगले एक हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।